Website: www.daopyuthan.moha.gov.np
E-Mail:- daopyuthan@moha.gov.np, daopyuthan2074@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

फोन नं ०८६-४२००३३
४२०१३३
४२००४८
फ्याक्स ०८६-४२०२९९

पत्र संख्याः- ०७८/०७९
चलानी नः १२४२

मितिः- २०७८।०७।०३

विषयः- मासिक प्रगति विवरण पठाइएको सम्बन्धमा ।

श्री गृह मन्त्रालय,
नीति, योजना, अनुगमन तथा मूल्याँकन महाशाखा,
सिंहदरबार, काठमाण्डौ ।

प्रस्तुत विषयमा यस कार्यालय र यस कार्यालय अन्तरगत इलाका प्रशासन कार्यालय जसपुर, प्यूठानबाट मिति २०७८ आश्विन १ गते देखि २०७८ आश्विन मसान्तसम्म सम्पादन भएका कामहरुको प्रगति विवरण पाना थान- ५(पाँच) यसै साथ संलग्न राखी पठाइएको व्यहोरा सादर अनुरोध छ ।

७८/०७/०३
प्रशासकीय अधिकृत

| सि.नं. | सेवाको किसिम | जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिएका सेवा | | | इलाका प्रशासन कार्यालय जस्पुरबाट प्रदान गरिएका सेवा | | | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | गत महिना सम्मको जम्मा | आश्विन महिनाको जम्मा | कूल जम्मा | गत महिना सम्मको जम्मा | आश्विन महिनाको जम्मा | कूल जम्मा | |
| १ | नागरिकता प्रमाणपत्र वितरण | | | | | | | |
| | क) बंशजको आधारमा नागरिकता प्रमाणपत्र वितरण | १३२७ | ४१३ | १७४० | ५०८ | १६० | ६६८ | |
| | ख) नागरिकता प्रमाण पत्र प्रतिलिपी वितरण | ५२७ | १६१ | ६८८ | १७४ | ४५ | २१९ | |
| | ग) बैबाहिक अंगिकृत नागरिकता प्रमाणपत्र वितरण | - | - | | - | - | - | |
| २ | नाबालक परिचय पत्र वितरण | २ | - | २ | - | - | - | |
| ३ | राहदानी वितरण | | | | | | | |
| | क) कार्यालयबाट सिफारिस | ४५२ | १५२ | ६०४ | १५२ | ६८ | २२० | |
| | ख) द्रुत सिफारिस | २५८ | ११६ | ३७४ | ७९ | २१ | १०० | |
| | ग) राहदानी वितरण | ३०३ | १५० | ४५३ | १०६ | ७३ | १७९ | |
| ४ | राष्ट्रिय परिचयपत्र दर्ता | | | | | | | |
| | दर्ता | १२८६ | ४२६ | १७१२ | - | - | - | |
| ५ | सिफारिस | | | | | | | |
| | क) भारतीय पेन्सनरका लागि | ३९ | १० | ४९ | - | - | - | |
| | ख) आदिवासी जनजातीको सिफारिस | १६८ | १२० | २८८ | ८६ | २८ | ११४ | |
| | ग) दलित जातीको सिफारिस | १३३ | ५५ | १८८ | २७ | १३ | ४० | |

प्रशासकीय अधिकृत

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | घ) चालचलन प्रमाणित | | ८ | ३ | ११ | - | - | - | |
| | ङ) नामथर प्रमाणित | | ८० | ७८ | १५८ | १६ | ३२ | ४८ | |
| | च) अन्य सिफारिस | | ३२ | ८ | ४० | - | - | - | |
| ६ | सहायता कक्षबाट प्रदान गरिएको | | ८०० | ३४५ | ११४५ | २३५ | १५५ | ३९० | |
| ७ | मुद्दा किसिम | | आश्विन महिनाको | | | | | | |
| | | | दर्ता | फैसला | | | | | |
| | क) सार्वजनिक नैतिकता विरुद्ध | | १ | - | | | - | - | |
| | ख) क्षतिपूर्ति | | - | - | | | - | - | |
| | ग) हातहतियार | | - | - | | | - | - | |
| | घ) कालो बजार | | - | - | | | - | - | |
| ८ | ठाडो उजुरी | | - | - | | | - | - | |
| ९ | बजार अनुगमन | | प्यूठान जिल्लाभित्रको विभिन्न बजार इलाकामा ७ पटक अनुगमन भएको | | | १ पटक भएको | | | |
| १० | कार्यालय अनुगमन | | - | | | - | | | |
| ११ | राजश्व संकलन राहदानीबाट | | गत महिना सम्मको | आश्विन महिनाको | कूल जम्मा | गत महिना सम्मको | आश्विन महिनाको | कूल जम्मा | |
| | | | २४,६५,७५० | ९,९५,०००। | ३४,६०,७५० | ७,६०,०००। | ३,४५,०००। | ११,०५,००० | |
| १२ | अन्यबाट राजश्व संकलन | | ३३६२५ | ५,०००। | ३८,६२५ | - | - | - | |
| १३ | राहत वितरण (बाढी, पहिरो, आगलागी, चट्याङ, हावाहुरी, असिना र पानी) | कार्यालयबाट | १,५०,०००। | २,२६,५००। | ३,७६,५००। | - | - | - | |
| | | लुम्बिनी प्रदेश सरकारबाट | ८,२०,०००। | - | ८,२०,०००। | | | | |

प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | हातहतियार नामसारी / नविकरण | - | ०/१ | ०/१ | | | |
| १५ | संघ संस्था दर्ता / नविकरण | | ०/७ | ०/७ | | | |
| १६ | हतियार मर्मत सम्बन्धी अनुमति पत्र / नविकरण | | ०/० | ०/० | | | |
| १७ | विष्फोटक पदार्थ इजाजत पत्र / नविकरण | | - | - | | | |

१९. यस कार्यालयबाट भएका अन्य कार्यहरुः-

क) कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यहरु

- यस जिल्लामा मिति २०७८/०६/३१ गतेसम्म कूल ३९१७ जनामा कोभिड-१९ संक्रमण देखिएको छ । यसमा पि.सि.आर. परिक्षण ६९१३ जनाको गरिएकोमा १२०९ जना संक्रमित र Antigen परिक्षण ७१९५ जनाको गरिएकोमा २७०८ जना संक्रमित भेटिएका छन् ।कोभिड-१९ संक्रमण भई मृत्यू हुने ७३ जना, १५ उपचाररत, उपचार पछी निको भई घर फर्कने ३८२९ जना छन भने स्वास्थ्यको पूर्वाधारहरुमा अस्पताल ९ वटा, वेड संख्या १३५, अक्सिजिन सिलिण्डर २०१, HDU Bed १० वटा रहेको छ भने ICU र भेन्टिलेटर नरहेको अवस्था छ ।
- जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को १ वटा बैठक बसी गरेका निर्णयहरु सरोकारवाला सबै निकायहरुबाट प्रभावकारी रुपमा कार्यान्वय गरिएको छ ।
- जिल्लामा कोभिड-१९ कोरोना संक्रमण रोकथाम नियन्त्रणका लागि जिल्लामा अनिवार्य रुपमा जनस्वास्थ्यका मापदण्डहरु पालना गरी निषेधाज्ञा खुकुलो बनाई निरन्तरता दिइएको साथै निषेधाज्ञाको कारण स्वास्थ्य सेवा लगायत अन्य अत्यावश्यक सेवा सञ्चालनका सम्बन्धमा पर्नसक्ने कठिनाई तथा असहजतालाई समन्वय तथा सहजीकरण गर्ने गरिएको छ ।

प्रशासकीय अधिकृत

- नेपाल सरकारको नीति अनुसार फ्रन्ट लाईनमा रहि सेवा प्रवाह गर्ने, लक्षित वर्ग र प्राथमिकताका आधारमा अन्य नागरिकहरुलाई खोपको पहिलो मात्रा जम्मा ६५९९८ जनालाई र दोस्रो मात्रा खोप जम्मा १९७६८ जना व्यक्तिहरुलाई दोस्रो मात्रा लगाइएको छ ।
- कोभिड-१९ संकट व्यवस्थापन केन्द्रका पदाधिकारीहरुबाट जिल्ला स्थित आइसोलेसन केन्द्र र अन्य स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन गरि सहयोग, समन्वय र निर्देशन दिने गरिएको छ ।
- जिल्ला स्तरीय आइसोलेसन केन्द्र सञ्चालनका लागि जनशक्ति अभाव हुन नदिन स्थानीय तहका स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्यकर्मीहरु आलोपालो मिलाउन स्थानीय तहका स्वास्थ्य शाखासँग समन्वय गर्ने गरिएकोमा हाल जिल्ला आइसोलेसन केन्द्रमा विरामी कम भएको कारणले हाललाई स्थानीय तहबाट आलोपालो गरी स्वास्थ्यका जनशक्ति व्यवस्थापन गर्नु नपर्ने बनाइएको ।
- जिल्लामा अस्पताल लगायत स्वास्थ्य संस्थाहरुमा अक्सिजनको सहज आपूर्ति व्यवस्थाको लागि प्यूठान अस्पतालमा मध्यम स्तरको अक्सिजन प्लान्टको निर्माण गरिएको छ ।
- नेपाल सरकारको कार्यक्रम अनुसार प्रभावकारी रुपमा मास्कको प्रयोग गर्नका लागि नेपाल मास्क अभियान कार्यक्रम सञ्चालन गरिएको छ ।

ख) शान्ति सुरक्षा र अमनचैन सम्बन्धी कार्य

- जिल्लामा शान्ति सुरक्षा कायम गर्न सुरक्षाका सबै निकायहरुले सूचना संकलन, विश्लेषण गरी गस्ती, पट्रोलिङ, LRP तथा Joint Operation लगायतका सुरक्षा कारवाही गरी सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त बनाईएको छ ।
- सुरक्षाकर्मीहरुको परिचालन गरी त्यस्ता किसिमका गैरकानूनी क्रियाकलामहरु निस्तेज पारी कानून बमोजिम कारबाही गरिएको र सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त र प्रभावकारी बनाईएको छ ।
- चाडपर्व लक्षित सुरक्षा योजना, २०७८ निर्माण गरी सोही बमोजिम सुरक्षा व्यवस्था मिलाईएको ।
- सुरक्षा समितिको नियमित तथा आवश्यकता अनुसार गरी ३ वटा बैठकहरु सम्पन्न भएका छन् ।

ग) विपद् व्यवस्थापन सम्बन्धी कार्यहरु:-

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी विभिन्न निर्णयहरु भएको र उक्त निर्णयहरु कार्यान्वयनका लागि सरोकारवाला सबैसँग समन्वय र सहजीकरण गरिएको ।

प्रशासकीय अधिकृत

- जिल्ला स्थित सबै स्थानीय तहहरुले विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता राखी स्थानीय विपद् व्यवस्थापन समितिलाई थप क्रियासिल बनाई नजिकको सुरक्षा निकायसँग समन्वय गरेर विपद्का सभाव्य घटनाहरुको न्यूनीकरण गर्न पहल गर्ने ।

घ) सुशासन सम्बन्धी कार्यहरुः-

- जिल्लामा विकास निर्माणका कार्यहरु गर्ने कार्यालयहरु तथा स्थानीय तहसँगको समन्वय गरी विकास निर्माणका कार्यहरुलाई सुचारु रुपले समयमै सम्पन्न गर्न विकास निर्माणसँग सम्बन्धीत सरोकारवाला निकायहरुवीचको समन्वय बैठक गरिएको ।
- नियमित स्टाफ मिटिङ गरी सेवा प्रवाहलाई प्रभावकारी, नागरिकमैत्री बनाउने तथा आइपरेका समस्या समाधानका लागि छलफल गर्ने गरिएको ।
- जिल्लास्थित सरकारी कार्यालयको कार्यालय प्रमुखको नियमित बैठक बसी आइपरेका समस्याहरुको बारेमा छलफल तथा सहजिकरण गरिएको ।
- जिल्लास्थित सरकारी कार्यालयहरुको सूचना अधिकारीको नियमित बैठक बसी भएका समस्याहरुको वारेमा छलफल गरी भएका निर्णयहरुको कार्यान्वयन गर्ने गरिएको ।
- समन्वयात्मक बैठक बसी भएका निर्णयहरु सम्बन्धित सरोकारवाला सबैले कार्यान्वयन गर्ने गरिएको ।
- जिल्ला स्तरीय अनुगमन तथा मूल्याँकन समितिको बैठक बसी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउदै चाडपर्वको समयमा कार्यालयहरुमा पालोपहरा मिलाउने, सुरक्षा निकायहरुले राजमार्गको प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन गस्ती पिकेट पट्रोलिङलाई चाडपर्व लक्षित सुरक्षा योजना, २०७८ बमोजिम व्यवस्था मिलाइएको ।
- सरकारी कार्यालयको सवारी साधन सार्वजनिक विदा र जिल्ला वाहिर लैजादा दुरुपयोग हुने सम्भावनालाई मध्यनजर गरी सवारी पासका आधारमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको ।
- गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा अन्य तालुक निकायहरुबाट प्राप्त निर्देशन र परिपत्र आदीको कार्यान्वयन गर्ने गरिएको ।

प्रशासकीय अधिकृत